सान्जेन जलविद्युत कम्पनी लिमिटेड

महाराजगंज, काठमाडौं।

बिक्रम सम्बत २०८० साल पौष २९ गते आइतवारका दिन

कार्की पार्टि प्यालेस ,धुम्बाराही, काठमाडौंमा सम्पन्न

सान्जेन जलबिद्युत कम्पनी लिमिटेडको

**बाह्रौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका**

१. पृष्ठभूमि

यस कम्पनीको सञ्चालक समितिको २७० औं बैठकको निर्णयानुसार मिति २०८०/०९/२९ गते (तदनुसार जनवरी १४, २०२४) आइतवार विहान ९:०० बजे बोलाइएको साधारण सभा कार्कि पार्टिप्यालेस ,धुम्बाराही, काठमाडौंबाट सञ्चालन गरिएको थियो। साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूले गर्नु भएको थियो। उक्त सभामा कम्पनी सचिवले सवै सञ्चालक, पदाधिकारी तथा शेयरधनीहरुलाई स्वागत गर्दै आसन ग्रहण गराउनु भयो। तत् पश्चात अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले वाह्रौ वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भएको थियो।

(क) **सभाको सूचना तथा प्रकाशनः**

कम्पनीको वाह्रौ वार्षिक साधारण सभा सम्वन्धी सूचना र छलफल हुने बिषयहरुको सूची तथा कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक विवरणहरु, सूचना तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ पेज www.sjcl.com.np मा समेत हेर्न मिल्ने गरी व्यवस्था गरिएको थियो।

मिति २०८०/०९/०५ गतेको समाचार पत्र दैनिकमा प्रथम पटक सूचना प्रकाशन गरी सबै शेयरधनीहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो। सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि. मा समेत जानकारी गराइएको थियो।

(ख) **उपस्थितिः**

(अ) **संचालकहरुको उपस्थितिः**

| | |
|---|---|
| १. श्री रामजी भण्डारी | अध्यक्ष |
| २. श्री लोकहरी लुईटेल | सञ्चालक |
| ३. श्री सुभाष कुमार मिश्र | सञ्चालक |
| ४. श्री नारायण प्रसाद आचार्य | सञ्चालक |
| ५. श्री ठाकुर जंग थापा | सञ्चालक |

(आ) **कम्पनी रजिष्ट्रारको कार्यालयको प्रतिनिधि तथा लेखापरिक्षकको उपस्थितिः**

| | |
|---|---|
| (क) श्री कम्पनी रजिष्ट्रारको कार्यालयको | प्रतिनिधि ,श्री ललित कुमार थापा |
| (ख) श्री सनराइज क्यापिटल लि. | प्रतिनिधि, श्री विजयलाल श्रेष्ठ |

(ङ) **साधारण सभामा शेयधनीहरुको उपस्थिति**

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वयं उपस्थिति | प्रतिनिधिबाट उपस्थीत | जम्मा उपस्थिति | शेयरको अनुपातमा प्रतिनिधित्वको उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ३६,५००,००० | १,७६२,६१५ | १८,७७५,४८४ | २०,५३८,०९९ | ५६.२७ |
| शेयरधनी संख्या | ३३४,०३० | ६८ | ९ | ३१२ | ०.०९ |

कम्पनीको शेयर दाखिल खारिज बन्द भएको मिति २०८०/०९/१९ (एक दिन)।

**पदाधिकारीहरु:**

१. सुनिल कुमार ढुंगेल — प्रमुख कार्यकारी अधिकृत

२. मुरली प्रसाद शर्मा — कानुनी सल्लाहकार

३. घनश्याम श्रेष्ठ — कम्पनी सचिव

४. अर्पण बहादुर सिंह — आयोजना प्रमुख, सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.)

५. सुधनसिंह महत — आयोजना प्रमुख, सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे .वा.)

**(ग) सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरु:**

साधारण सभामा निम्न बमोजिम साधारण तथा बिशेष प्रस्तावहरु छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षण प्रतिवेदन सहित आ. व. २०७८।०७९ अषाढमसान्त सम्मको वित्तिय विवरणहरु ( वासलात , आयविवरण ,नगद प्रवाह विवरण तथा सम्वधित अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने।

३. कम्पनीको सञ्चालक समितिको मिति २०८०।२।२१ मा वसेको २५६ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप कम्पनी रजिष्ट्रार कार्यालयमा अनुरोध गरी उक्त कार्यालयको मिति २०८०।३।१३ को स्वीकृति अनुसार लेखापरिक्षक श्री संजिव ढकाल चार्टड एकाउन्टेन्टलाई लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०७९।८० को हिसाव किताव लेखापरिक्षण गर्नका लागि मूल्य अभिवृद्दि करवाहेक रु १,९५,०००।– ( एक लाख पन्चानव्वे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गरी वैधानिक लेखापरिक्षक नियुक्त गरिसकिएकोले सोको अनुमोदन गर्ने ।

४. **विशेष प्रस्ताव** :

- कम्पनीको नियमावली को नियम २७ (२) र २३ (१) मा संशोधन ।



सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६६ SANJEN JALAVIDHYUT CO. LTD. ESTD 2010

५. सञ्चालक समिति सदस्यहरुको प्रति वैठक जनही रु ५,०००/- (अक्षरेपी पाँच हजार) को सट्टा रु. ९,०००/- (अक्षरेपी नौ हजार) तोक्ने साथै सञ्चालक समिति सदस्यहरुको मासिक यातायात तथा सञ्चार खर्च वापत जनही रु २,५००/- (अक्षरेपी दुई हजार पाँच सय) को सट्टा रु १०,०००/- (अक्षरेपी दश हजार) तोक्ने।

६. बिबिध।

**(घ) सभाको बैधानिकता:**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ मा भएको प्रावधान र कम्पनीको नियमावली अनुसार साधारण सभा गर्न निर्दिष्ट अवश्यक गणपुरक संख्या पुगेको कुरा जानकारी गराउदै कूल शेयर सङ्ख्याको ५५.३८% शेयरको प्रतिनिधित्व हुने गरी शेयर धनीहरुको उपस्थिति रहेको कुरा कम्पनीको शेयर रजिष्ट्रारबाट जानकारी प्राप्त भएकोले सभा सञ्चालन गर्न सकिने कुरा सभामा जानकारी दिनुका साथै सभा प्रारम्भ गर्न अनुमति माग गर्दा उपस्थित शेयरधनीहरुको सभावाट गणपुरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा सभा संचालन गर्ने निर्णय भयो। यस वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूले गर्नु हुने कुरा पनि सभामा जानकारी गराइयो। त्यसपछि विषयसूची अनुसार सभाको कार्यक्रम प्रारम्भ भयो।

**(ङ) सभा संचालन तथा प्रस्ताव उपर छलफल:**

विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भएपछि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूलाई कम्पनीको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो। तत्पश्चात अध्यक्षज्यूले सञ्चालक समितिका तर्फबाट आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो। अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुलाई उपलब्ध गराइएको लेखापरिक्षण प्रतिवेदन सहितको आ.व. २०७८/७९ को आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन उपर आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव राख्न तथा सो सम्बन्धमा छलफल गर्न अनुरोध गरिएको थियो।

**२. शेयरधनीहरुबाट प्राप्त जिज्ञासा ,राय तथा सुझाव:**

अध्यक्षज्यूले कम्पनीको आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि शेयरधनी/शेयरधनीका प्रतिनिधिहरुको तर्फबाट उक्त प्रतिवेदन उपर धारणा राख्दै निम्न शेयरधनीहरुले निम्न बमोजिमका राय सुझाव , प्रतिकृया एंव जिज्ञासा राख्नु भएको थियो:

**भक्ति प्रसाद उप्रेती :**

कम्पनीले १२ र १३ औ वार्षिक साधारण सभा एकै पटक गर्नु पर्नेमा किन छुट्टाछुट्टै गरिएको भनि जिज्ञासा राख्नु भयो। सबै शेयरधनीहरूको प्रतिनिधित्वका लागि दुवै वार्षिक साधारण सभा एकै साथ गर्नु पर्ने थियो भन्नु भयो। यसले गर्दा



सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६६ SANJEN JALAVIDHYUT CO. LTD. ESTD 2010

शेयरधनीको अवमूल्यन हुने सुझाव दिनु भयो । यो वासी वित्तिय विवरण भयो भन्नु भयो । यसरी समयमा वार्षिक साधारण सभा नगर्दा सञ्चालक समितिमाथि असक्षमताको आरोप लाग्न सक्ने भन्नु भयो ।
पहिले आफुले राखेको प्रश्नको जवाफ दिएर मात्र सभा अगाडि बढाउन निजले आग्रह गर्नु भएकाले प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका अध्यक्षज्यू ले कानुनी सल्लाहकार श्री मुरली प्रसाद शर्मालाई जवाफ दिन आग्रह गर्नु भयो ।

**कानुनी सल्लाहकार श्री मुरली प्रसाद शर्माः**
कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गरी सञ्चालक समितिको संरचना संशोधन गर्नु पर्ने भएको हुँदा १२औं मा संशोधन गरी १३औ मा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्वका लागि निर्वाचन समेत गर्न सकिने भएकोले दुईवटा साधारण सभा छुट्टाछुट्टै गरिएको हो भन्नु भयो । एकै पटक गरेको भए तत् समयमा केवल प्रबन्ध पत्र नियमावली संशोधन हुने र निर्वाचनका लागि अर्को साधारण सभा कुर्नु पर्ने भएकोले कुनै गलत मनसाय नराखी छुट्टाछुट्टै गरिएको व्यहोरा सभा समक्ष प्रस्तुत गर्नु भयो । निर्वाचन सहितको वार्षिक साधारण सभा आउने चैत्रसम्म गर्ने लक्ष्य रहेको भन्नु भयो । यी सवै कुराका विषयमा सञ्चालक समितिमा व्यापक रूपमा छलफल भएर नै कम्पनीको हितमा हुने भएकाले प्रस्ताव गरिएको व्यहोरा सभा समक्ष राख्नु भयो ।

<u>सोनाम दोर्जे तामाङ</u>
श्री तामाङले कम्पनीले अधिकतम प्रयास गरी दुवै जलविद्युत आयोजनाहरूलाई आजको अवस्थामा ल्याउन सकेकोमा धन्यवाद दिनु भयो । साथै कर्मचारीको कुशल व्यवस्थापन हुनु पर्नेमा जोड दिनु भयो ।

**<u>इन्द्र प्रसाद लामिछाने</u>**
श्री लामिछानेले कम्पनी अन्तगर्तका जलविद्युत आयोजनाहरू समयमा नै सम्पन्न गर्नु पर्नेमा जोड दिनु भयो । आयोजना सम्पन्न हुन अनपेक्षित समय लागेकोले शेयरधनीले प्रतिफल पाउन नसकेको तितो सत्य भन्दै आफ्ना भनाइ राख्नु भयो । आफूभन्दा पुर्वबक्ता साथीले भनेको कुरामा सहमति जनाउँछु भन्नुभयो ।

३. **<u>सञ्चालक समितिका अध्यक्ष श्री रामजी भण्डारीज्यूको जवाफः</u>**
प्रस्तुत शेयरधनीको राय सुझाव र जिज्ञासाका सम्बन्धमा सञ्चालक समितिका अध्यक्षले विभिन्न कारणबाट आयोजना सम्पन्न हुने मिति पछाडि धकेलिदै गएकोले आयोजना सम्पन्न गरेर मात्र साधारण सभामा शेयरधनीहरू संग खुशि साटासाट गर्ने मनसायले वाह्रौ वार्षिक साधारण सभा ढिला गरिएको र हाल भने सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट विद्युत शक्ति उत्पादन शुरू भै सकेको र सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा )बाट पनि आउँदो मार्चसम्ममा विजुली उत्पादन हुने व्यहोरा सभालाई जानकारी गराउनु भयो । सान्जेन जलविद्युत कम्पनीले कर्मचारी व्यवस्थापनमा ध्यान दिईनेछ पनि भन्नु भयो ।

४. **निर्णयहरुः**

शेयरधनीबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा अध्यक्ष श्री रामजी भण्डारीज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि कम्पनीका कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो र सभाबाट देहाय बमोजिम निर्णय भयो :

१. साधारण सभा समक्ष प्रस्तुत भएको आ.व. २०७८/७९ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन माथिको छलफल र त्यसमा शेयरधनीहरुको तर्फबाट राय प्रतिकृया व्यक्त गर्ने कार्य सम्पन्न भई अध्यक्षज्यूबाट शेयरधनीहरुको जिज्ञासामा स्पष्ट पार्ने कार्य समेत सकिएकोले उक्त आ.व. २०७८/७९ को वार्षिक प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्व सम्मतिबाट पारित गर्ने निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व.२०७८/७९ को लेखापरीक्षीत बित्तीय विवरणहरु (२०७९साल आषाढ३१गतेको वासलात र आ.व. २०७८/७९ को नाफा र नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोको अनुसूचीहरु) स्वीकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट उक्त आर्थिक विवरणहरु सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

३. कम्पनीको सञ्चालक समितिको मिति २०८०।२।२१ मा वसेको २५६ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप कम्पनी रजिष्ट्रार कार्यालयमा अनुरोध गरी उक्त कार्यालयको मिति २०८०।३।१३ को स्वीकृति अनुसार लेखापरिक्षक श्री संजिव ढकाल चार्टड एकाउन्टेन्टलाई लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०७९।८० को हिसाव किताव लेखापरिक्षण गर्नका लागि मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– ( एक लाख पन्चानव्वे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गरी वैधानिक लेखापरिक्षक नियुक्त गरिसकिएकोले सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

४. विशेष प्रस्ताव :

कम्पनिको प्रवन्ध पत्र तथा नियमावलीमा संशोधनका सम्बन्धमा राखिएको प्रस्ताव उपर छलफल हुँदा निम्नानुसार सर्वसम्मतबाट पारित भयो ।

- नियमावलीको साविकको नियम २३को (१) मा निम्नानुसार संशोधन गर्नेः
  वाडफाँट भएको कूल शेयर संख्याको ५० प्रतिशत शेयर भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनी स्वयम् वा आफनो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

- नियमावलीको साविकको नियम २७ को (२) मा निम्नानुसार संशोधन गर्नेः
  यस कम्पनीमा एक जना स्वतन्त्र सञ्चालक सहित जम्मा ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति हुनेछ र सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) संस्थापक समुहका शेयरधनीहरुबाट मनोनित वा निर्वाचित चार (४) जना सञ्चालक रहने छन् जसमा संस्थापक शेयरधनी चिलिमे जलविद्युत कम्पनी लि. को तर्फबाट ३ (तीन) जना र नेपाल विद्युत प्राधिकरणको तर्फबाट १ (एक) जना सञ्चालकले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने छन् ।

(ख) सर्बसाधारण समुहका शेयरधनीहरुबाट नियुक्त वा निर्वाचित एक जना महिला सहित दुई (२) जना सञ्चालकले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने छन् ।

(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त वा निर्वाचित एक (१) जना स्वतन्त्र सञ्चालकले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ।

(घ) संस्थापक शेयरधनीहरुबाट नियुक्त वा मनोनित सञ्चालकहरु मध्येबाट सञ्चालक समितिको अध्यक्ष निर्वाचित हुने। (तिन महलेको अनुसूची-१ यसै साथ संलग्न गरिएका छ)

५) सञ्चालकहरुको सेवा सुविधा सम्बन्धमाः

सञ्चालक समितिका सदस्यले सञ्चालक समितिको बैठकको निर्णय प्रकृयामा भाग लिए वापत साविकको प्रति वैठक करसहित जनही रू. ५,०००/- को सट्टा रू. ९,०००/- र मासिक यातायात तथा सञ्चार सुविधा वापत करसहित रू. २,५००/- को सट्टा रू. १०,०००/- हुने गरी संशोधन गरियोस् भनी कम्पनी सचिवबाट राखिएको प्रस्ताव उपर छलफल हुँदा निम्नानुसार सर्वसम्मतबाट पारित भयोः

क)सञ्चालक समितिका सदस्यले सञ्चालक समितिको बैठकको निर्णय प्रकृयामा भाग लिए वापत प्रति वैठक जनही करसहित रू. ९,०००/- (अक्षरेपी नौ हजार मात्र) स्वीकृत गर्ने ।

ख) मासिक यातायात तथा सञ्चार सुविधा वापत जनही करसहित रू. ५,०००/- (अक्षरेपी पाँच हजार मात्र) मात्र स्वीकृत गर्ने ।

६) विविध ( कुनै प्रस्ताव नरहेको )

## ५. <u>साधारण सभा समापन भएको घोषणा</u>:

अध्यक्षज्यूले सभामा सहभागि सञ्चालकज्युहरु लगायत सम्पूर्ण सहभागि शेयरधनी महानुभावहरु र कर्मचारीहरुलाई धन्यवाद दिदै शेयरधनीको सल्लाह, सुझाव अनुसार कम्पनीले आयोजना सम्पन्न गर्न अधिकतम प्रयास गर्दै जाने विश्वास ब्यक्त गर्दै सभा समापन भएको घोषणा गर्नु भयो ।

(धनश्याम श्रेष्ठ)
कम्पनी सचिव

(रामजी भण्डारी)
अध्यक्ष

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०६७ SANJEN JALAVIDHYUT CO. LTD. ESTD 2010

अनुसूची १

# सान्जेन जलविद्युत कम्पनी लिमिटेड
# महाराजगंज,काठमाडौं ।

## कम्पनीको नियमावलीमा वाह्रौ साधारण सभाबाट देहाय बमोजिम संशोधित व्यवस्था :

३ महले

| नियम | भइरहेको व्यवस्था | संसोधित व्यवस्था | कारण र औचित्य |
|---|---|---|---|
| २३ | गणपूरक संख्या :<br><br>१) वाडफाड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनी स्वयम वा आफनो प्रतिनिधि(प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | गणपूरक संख्या :<br><br>१) वाडफाड भएको कूल शेयर संख्याको ५० प्रतिशत शेयर भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनी स्वयम वा आफनो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन । | साधारण सभा गर्न आवश्यक गणपुरक संख्या कम्पनी ऐन २०६३ मा रहेको व्यवस्थासंग शादृश्यता हुने गरी मिलाइएको। |
| २७ | सञ्चालक समितिको गठन, संख्या र कार्यकाल:<br><br>(२)यस कम्पनीमा दुई जना स्वतन्त्र सञ्चालक सहित ११(एघार) जना सञ्चालक रहेको सञ्चालक समिति हुनेछ र सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ:<br><br>(क) संस्थापक समुहका शेयरधनीहरुवाट मनोनित वा निर्वाचित पाँच (५) जना सञ्चालक ।<br><br>(ख) सर्बसाधारण समुहका शेयरधनीहरुबाट नियुक्त वा मनोनित वा निर्वाचित एक जना महिला सहित चार (४) जना सञ्चालक ।<br><br>(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबट नियुक्त वा निर्वाचित दुई (२) जना स्वतन्त्र सञ्चालक ।<br><br>(घ)सञ्चालक समितिको अध्यक्ष संस्थापक शेयरधनहिरुबाट नियुक्त वा मनोनित वा निर्वाचित सञ्चालकहरु मध्येबाट छानिनेछ । | २७. संचालक समितिको गठन, संख्या र कार्यकाल:<br><br>(२) यस कम्पनीमा एक जना स्वतन्त्र सञ्चालक सहित ७ (सात) जना सञ्चालकहरु रहेको सञ्चालक समिति हुनेछ र सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ:<br><br>(क) संस्थापक समुहका शेयरधनीहरुबाट मनोनित वा निर्वाचित चार (४) जना सञ्चालक ।<br><br>(ख) सर्बसाधारण समुहका शेयरधनीहरुबाट नियुक्त वा निर्वाचित एक जना महिला सहित दुई (२) जना सञ्चालक ।<br><br>(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबट नियुक्त वा निर्वाचित एक (१) जना स्वतन्त्र सञ्चालक ।<br><br>(घ)संस्थापक शेयरधनीहरुबाट नियुक्त वा मनोनित सञ्चालकहरु मध्येबाट सञ्चालक समितिको अध्यक्ष निर्वाचित हुनेछ । | यस्तै प्रकृतिका अन्य कम्पनीहरुमा भएका व्यवस्थाहरु साथै यस अघिको साधारण सभामा शेयरधनीहरुबाट प्राप्त माग र सुझावलाई समेत सम्वोधन गर्न सञ्चालकहरुको संख्या पुनर्संरचना गर्नुपरेको ले । |

सान्जेन जलविद्युत कम्पनी लि. स्थापित २०११ SANJEN JALAVIDHYUT CO. LTD. ESTD 2010